# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९, संख्याः ४, मितिः २०८२/०९/१४

## भाग–१

## भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०७८
## (प्रथम संसोधन २०८२)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ (प्रथम संसोधन २०८२)

नगरसभाबाट पारित मितिः २०८२/०९/०८

प्रमाणीकरण मितिः २०८२/०९/१४

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ लाई समय सापेक्ष प्रथम संशोधन गर्न वान्छनीय भएकाले।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो ऐनको नाम - भरतपुर महानगरपालिका प्रज्ञा प्रतिष्ठान ऐन,२०७८ (प्रथम संशोधन २०८२) रहेको छ।

ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** दफा (२) को खण्ड (च) मा उल्लेखित कूलपति शब्दको सट्टामा **"संरक्षक"** र खण्ड (ञ) मा उल्लेखित उपकुलपति शब्दको सट्टामा **"अध्यक्ष"** भनी संशोधन गरिएको छ।

**३.** दफा (७) को उपदफा (२) मा प्राज्ञ सभामा एकतीस जना रहनेछन्। सभाको गठन देहाय बमोजिम हुनेछः भनी उल्लेख भएकोमा "प्राज्ञ सभामा एकतीस जना रहनेछन्" भन्ने वाक्यांश हटाई **सभाको गठन देहाय बमोजिम हुनेछः** भनी कायम गरिएको छ।

**४.** दफा (७) को उपदफा (२) को खण्ड (क) मा "कुलपति (नगर प्रमुख)" को सट्टामा **संरक्षक (नगर प्रमुख)** र खण्ड (ख) मा "उपकुलपति" को सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको छ।

**५.** दफा (७) को उपदफा (२) मा खण्ड (छ) पश्चात देहाय बमोजिम खण्ड (ज) र (झ) थप गरि साविकको खण्ड (ज) लाई खण्ड (ञ) कायम गरिएको छ।

(ज) महानगरपालिका क्षेत्रमा क्रियाशील रहेका र प्राज्ञ सभाको बैठक हुनुपूर्व अघिल्लो आ.व.सम्म स्थानीय प्रशासनमा दर्ता, नवीकरण भएका साहित्यिक, सांस्कृतिक संस्थाहरूमध्येबाट संरक्षकले तोकेका बढिमा ५ जना अध्यक्ष वा संस्थाका प्रतिनिधिहरु। यस प्रयोजनका लागि प्राज्ञसभा हुनु दुई महिना अघि नै सूचना प्रकाशन गरी सार्वजनिक आह्वान गर्नुपर्नेछ।

(झ) महानगर प्रज्ञा प्रतिष्ठानका पूर्व अध्यक्षहरू ।

**६.** दफा (७) को उपदफा (३) मा "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको ।

**७.** दफा (७) को उपदफा (८) मा "**प्राज्ञ सभाको अध्यक्षता प्रतिष्ठानका अध्यक्षले र निजको अनुपस्थितिमा परिषद्का जेष्ठ सदस्यले गर्नेछ ।**" भनी संशोधन गरिएको छ ।

८. दफा (७) को उपदफा (१०) मा र दफा (८) को उपदफा (२) को खण्ड (क) तथा उपदफा (४) उल्लेखित "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको छ ।

**९.** दफा (८) को उपदफा (५) मा "**प्राज्ञपरिषद्ले परिषद्का अध्यक्ष वा सदस्यहरू मध्येबाट संयोजक रहने गरी समाज शास्त्र- दर्शन शाश्त्र, भाषा- साहित्य, कला संस्कृति समितिमा सम्बन्धित विषयका विज्ञहरूलाई सदस्यका रूपमा मनोनित गर्न सकिनेछ।**" भनी संशोधन गरिएको ।

**१०.** दफा (९) को खण्ड (ङ) पश्चात देहाय बमोजिम खण्ड (च) कायम गरी साविकको खण्ड (च) लाई खण्ड (छ) कायम गरिएको छ ।

(च) **कुनै कारणवस अध्यक्ष पद रिक्त भएमा वा निजले कार्य गर्न असमर्थ भएमा परिषद्का ज्येष्ठ सदस्यले निमित्त अध्यक्षका रूपमा कार्यसञ्चालन गर्न सक्नेछ ।**

**११.** दफा (१०) को उपदफा (१) मा **प्रज्ञा प्रतिष्ठानको अध्यक्ष, प्राज्ञसभामा मनोनित हुने सदस्यहरू र प्राज्ञपरिषद्का सदस्यहरूको मनोनयनका लागि महानगरसमक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा २ जना प्रतिष्ठित साहित्यकार रहेको समिति गठन गर्नेछ । संयोजकले तोकेको कर्मचारी समितिको सदस्य सचिवको रूपमा रहने छ ।**

**१२.** दफा (१०) को उपदफा (३) मा "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको ।

**१३.** परिच्छेद-४ मा "कुलपति" र "उपकुलपति" शब्दको सट्टा **संरक्षक** र **अध्यक्ष** भनी संशोधन गरिएको ।

**१४.** दफा (११) मा र सोही दफाको उपदफा (१) मा उल्लेखित "कुलपति" शब्दको सट्टामा **संरक्षक** भनी संशोधन गरिएको ।

**१५.** दफा (१२) मा र सोही दफाको उपदफा (१) (२) (३) मा उल्लेखित "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको ।

**१६.** दफा (१३) को उपदफा (२) मा उल्लेखित "कुलपति" शब्दको सट्टामा **संरक्षक** भनी संशोधन गरिएको ।

**१७.** दफा (१६) को उपदफा (१) मा उल्लेखित "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको ।

**१८.** दफा (१७) को उपदफा (१) मा उल्लेखित "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** र "कुलपति" शब्दको सट्टामा **संरक्षक** तथा सोही दफो उपदफा (२) र (३) मा उल्लेखित "कुलपति" शब्दको सट्टामा **संरक्षक** एवं सोही दफाको उपदफा (४) मा उल्लेखित "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको ।

**१९.** दफा (१९) को उपदफा (१) उल्लेखित "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** र "कुलपति" शब्दको सट्टामा **संरक्षक** र सोही दफाको उपदफा दफा (२) मा उल्लेखित "उपकुलपति" शब्दको सट्टामा **अध्यक्ष** भनी संशोधन गरिएको ।

**२०.** अनुसूची-१ मा उल्लेखित "पदः कुलपति" भनी उल्लेख भएकोमा सो को सट्टामा **"पदः संरक्षक"** भनी संशोधन गरिएको ।

**२१.** साविकमा (ऐन संशोधन हुनुपूर्व) उपकुलपति रहेको व्यक्ति हाल (ऐन संशोधन पश्चात) स्वतः अध्यक्ष कायम हुनेहुँदा साविकमा उपकुलपति हुँदाको सुरु मितिबाटै निजको पदावधि गणना गरिनेछ ।

---

आज्ञाले,
**वीरेन्द्रदेव भारती**
प्रमुख प्रशासकीय अधिकृत